आ.व.२०८१/८२ को सातौं कार्यपालिका बैठक    १८ पुस, २०८१, ने.स. ११४५, पोहेलाथ्व, ३, विहीबार

आज मिति २०८१ पुस १८ गते विहीवारका दिउँसोको १:०० बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८१/८२ को सातौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स/प्रवक्ता | श्री वच्चुराज वस्याल | | |

CamScanner

आ.ब.२०८१/८२ को सातौं कार्यपालिका बैठक — १८ पुस, २०८१, ने.स. ११४५, पोहेलाथ्व, ३, बिहीबार

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | अनुगमन समितिबाट पेश भएका अनुगमन प्रतिवेदन उपर छलफल सम्वन्धामा | चालु आर्थिक बर्ष २०८१/८२ को शुरु देखि हाल सम्म नगरस्तरिय तथा वडा स्तरिय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई सम्वन्धित समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु उपर छलफल गरियो ।उक्त प्रतिवेदनहरु अनुमोदन गरी आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने । |
| ३ | नगरसभाको १६ औं अधिवेशन आह्वान सम्वन्धमा | टोखा नगरपालिकाको नगरसभाको १६ औं (आ.ब. २०८१/८२) अधिवेशन बैठक मिति २०८१ पुस २९ गते सोमवार दिनको ११: ३० बजे नगरपालिकाको सभाहलमा बस्ने गरी बैठक आह्वान गर्ने । |
| ४ | ११ नं. वडा अन्तर्गत वनदेवी वहुउदेश्यीय सामुदायिक भवन निर्माणको आयोजना कार्यान्वयन तथा जग्गा लिजमा प्राप्ती सम्वन्धमा | १. टोखा नगरपालिका वडा नं. ११ साविक गोगंवुं गाउँ विकास समिति वडँ नं. ८ सिट नं. १०२०९८५०२ कि.नं. ११६ को सार्वजनिक जग्गामा वहुउदेश्यीय सामुदायिक भवन निर्माण गर्ने कार्य प्रकृयामा रहेकोले उक्त जग्गा सरकारी जग्गा दर्ता २०७९ ,उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति , बमोजिमटोखा नगरपालिकाको नाममा लिजमा प्राप्त गर्ने प्रकृया अघि वढाउन जिल्ला प्रशासन कार्यालय लगायत अन्य निकायहरुलाई सिफारिस गर्ने । |
| ५ | ८ नं. वडा अन्तर्गत वडा कार्यालय एवं वहुउदेश्यीय भवन निर्माणको लागि जग्गा लिजमा प्राप्ती सम्वन्धमा | टोखा नगरपालिका वडा नं. ८ साविक गोगंवुं गाउँ विकास समिति वडा नं. ३ सिट नं. १०२०९४५११ अन्तर्गत कि.नं. १ को नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गामा वडा कार्यालय एवं वहुउदेश्यीय भवन निर्माण गर्ने कार्यको प्रकृयामा रहेकोले उक्त जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ बमोजिम टोखा नगरपालिकाको नाममा लिजमा प्राप्त गर्ने प्रकृया अघि वढाउन जिल्ला प्रशासन कार्यालय लगायत अन्य निकायहरुलाई सिफारिस गर्ने । |
| ६ | नगरपालिका भित्रका सार्वजनिक जग्गामा बन्ने भवनको भवन संहिता बमोजिम नक्सा प्रमाणित गर्ने सम्वन्धमा | नगरपालिका भित्रका सार्वजनिक जग्गामा बन्ने भवनको हकमा प्रस्तावित भवनको नक्सा तयार गरी सम्वन्धित आवास तथा वस्ती विकास शाखाबाट भवन संहिता बमोजिम भए नभएको जाँच गरी नक्सा प्रमाणित गरी सो प्रमाणित भए पश्चात मात्र सार्वजनिक जग्गामा भवन निर्माण प्रकृया अगाडि बढाउने। |
| ७ | टोखा-९ र तारकेश्वर ११ जोड्ने विष्णुमति नदीमा निर्माणाधिन पुलको रकम सम्वन्धमा | टोखा ९ र तारकेश्वर ११ जोड्ने विष्णुमति नदिको पुल निर्माण (ठेक्का नं. ०५/NCB/TM/W/२०८०-८१) को आयोजना निर्माणको अन्तिम चरणमा रहेकोमा टोखा र तारकेश्वर नगरपालिका वीच पुल निर्माण सम्वन्धी भएको MOU अनुसार तारकेश्वर नगरपालिकाले उपलव्ध गराउनु पर्ने रकम हाल सम्म उपलव्ध नभएकोले भएको कार्यको विल बमोजिमको रकम सम्वन्धीत निर्माण व्यवसायीलाई उपलव्ध गराउन समस्या भएकोले कार्य प्रगतिको आधारमा MOU का शर्त बमोजिम |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | तारकेश्वर नगरपालिकाले यस नगरपालिकालाई उपलब्ध गराउनु पर्ने रकम यथाशिघ्र उपलब्ध गराउन अनुरोध गर्ने/पत्राचार गर्ने । |
| | वडा नं. ५ मा निर्माण भएको कल्की पार्कको अन्तिम भुक्तानी सम्वन्धमा | टोखा नगरपालिका र Devsingh/Amit/Bijayee J.V. बीच मिति २०७६/०८/२६ मा (ठेक्का नं. 04/NCB/TM/W/2076-77) कल्की नारायण परिसरमा पार्क निर्माण कार्यको लागि ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेकोमा उक्त निर्माण कम्पनीले सम्झौता बमोजिम हाल सम्म ९४.४८ प्रतिशत कार्य सम्पन्न गरी आयोजनाको उदेश्य पुरा हुने देखिएको र सम्झौता बमोजिम थप काम गर्न फिल्डमा आवश्यक नरहेकोले निर्माण व्यवसायीले सम्पन्न गरेको ९४.४८ प्रतिशत कार्य स्वीकार गरी प्राविधिक नापी किताव बमोजिम अन्तिम बिल वापतको मूल्याङ्कन रकम रु. ७२,७१,२३९.९१ मध्ये सम्झौता/म्याद थप अवधि भित्र कार्य सम्पन्न नगरेको कारण हुन आउने L.D. (Liquidated Damage) वापत १० प्रतिशत रकम घटाई सम्वन्धित Devsingh/Amit/Bijayee J.V. लाई भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । उक्त पार्क नगरपालिका मातहतल्याई स्थानीय वासीको हित अनुकूल हुने गरी नियमित रुपमा संचालन हुने व्यवस्था मिलाउने । |
| | | |
| ८ | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । | (तलको तालिका हेर्नुहोस्) |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १. | बुढी गण्डकी माझी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-३ | |
| २. | गरिबदास निर्माण सेवा प्रा.लि. | टोखा-८ | |
| ३. | नेक्स्ट स्टेप बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| ४ | हिराकृष्ण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| ५ | नरेन्द्र बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-६ | |
| ६ | रक फल्स कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| ७ | श्री रामजानकी आर.एम.कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| ८ | सुपेरियर इन्फ्राटेक कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| ९ | गोले तामाङ्ग निर्माण सेवा प्रा.लि. | टोखा-८ | |
| १० | सौभाग्य बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| ११ | डिभाईन सप्लायर्स एन्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| १२ | जनक एण्ड सन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-३ | |
| १३ | डाइमण्ड इंक प्रा.लि. | टोखा-७ | |
| १४ | प्रमिक्षा कन्स्ट्रक्सन प्रा.लि. | टोखा-९ | |
| १५ | सोलु बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | टोखा-३ | |

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | |
|---|---|---|---|---|---|
| | | १६ | सानोकाजी कन्स्ट्रक्सन प्रा.लि. | टोखा-९ | |
| | | १७ | आर्य तारा इनफास्ट्रक्चर प्रा.लि. | टोखा-१० | |
| | | १८ | हरियाली बिल्डर्स प्रा.लि. | टोखा-३ | |
| | | १९ | एम.सि.कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| | | २० | जि.एस.बिल्डर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि. | टोखा-८ | |
| | | २१ | भुमिसेतु डेभलपर्स प्रा.लि. | टोखा-१० | |
| | | २२ | आर.के.एस.बिल्डर्स प्रा.लि. | टोखा-८ | |
| | | २३ | रिभोलुसन इन्जिनियरिङ्ग कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| | | २४ | सुर्यचन्द्र निर्माण सेवा प्रा.लि. | टोखा-१० | |
| | | २५ | मोनलाईट निर्माण सेवा प्रा.लि. | टोखा-१० | |
| | | २६ | तिर्सना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ | |
| | | २७ | गगन थापा कन्स्ट्रक्सन प्रा.लि. | टोखा-३ | |
| ९ | विविध | १. चालु आ.ब. २०८१/८२ को लागि संघीय सरकारबाट प्राप्त ससर्त अनुदान तर्फको आधारभूत स्वास्थ्य चौकी निर्माण वडा नं. २,३,४ र ७ शिर्षकमा विनियोजन भएको रु १ करोड ६० लाख मध्ये हाल अन्य वडाहरुमा स्वास्थ्य चौकी भवन निर्माणको प्रकृयामा नआई सकेकोले वडा नं. ३ को निर्माणाधिन स्वास्थ्य चौकीको स्वीकृत ड्रईङ्ग डिजाईन अनुसार बाँकी रहेको कार्य पुरा गर्न लागत अनुमान तयार गरी सोको आधारमा बोलपत्रको माध्यमबाट निर्माण कार्य अघि बढाउने गरी स्वीकृत लागत अनुमान अनुसारको रकम विनियोजन गर्ने ।<br>२. टोखा नगरपालिका एवं अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन नगरपालिकाबाट स्वीकृत भएको सो सम्बन्धी कार्यविधि एवं नगरसभाको निर्णय बमोजिम प्रकृया अगाडि बढाउने प्रयोजनको लागि सामाजिक सुरक्षा कोष कार्यान्वयन प्रयोजनको लागि सबै कर्मचारीहरुको नेपाल सरकारले निर्धारण गरेको श्रमिकको न्यूनतम पारिश्रमिक (चियावगान वाहेकको) बमोजिम २०८१ माघ महिना देखि कार्यान्वयनमा लैजाने ।<br>३. १० नं. वडा कार्यालय भवनको भुई तल्लालाई गणेशपाटी/ भजनघर संचालन गर्ने प्रयोजनको लागि मौलिक,सांस्कृतिक, ऐतिहसिकता झल्कने गरी कलात्मक ढंगबाट स्वरुप परिवर्तन गरी सामाजिक हितमा प्रयोग गर्ने गरी वीच विनायक गणेश मन्दिर मूल समिति(गुठीयार)लाई हस्तान्तरण गर्ने गरी अघिल्लो आ.ब.को नगरकार्यपालिका बैठकबाट निर्णय भई निर्माण कार्य समेत अगाडि बढेकोमा उक्त वडा कार्यालय भवनको भुई तल्ला प्रयोगको लागि वीच विनायक गणेश मन्दिर मूल समिति(गुठीयार)हरुले सामुहिक हितको लागि प्रयोग गर्ने गरी उपलव्ध गराउने। साथै उक्त स्थानमा अन्य संरचना (मौलिक फल्चा, भाले | | | |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | स्तम्भ लगायतका ऐतिहासिक,मौलिक संरचना) निर्माणको लागि आवश्यक लागत अनुमान तयार गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी वडा कार्यालयबाट सिफारिस भएको समिति/संस्थाबाट निर्माण कार्य गर्ने गरी प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने।<br>४. टोखा नगरपालिकाका विभिन्न वडा कार्यालय एवं राजस्व शाखाबाट आ.व. २०८१/८२ मा सेवाग्राहीबाट नगरपालिकामा विभिन्न प्रयोजनको लागि राजस्व तिर्ने क्रममा तिर्नु पर्ने भन्दा बढी/ तिर्नै नपर्ने राजस्व दाखिला भएको तपशिल बमोजिमको राजस्व फिर्ता गर्न नगरपालिकालाई निर्देशन दिने ।<br><table><tr><td>क.स</td><td>करदाताको नाम</td><td>फिर्ता गर्नु पर्ने राजस्व रकम</td><td>कै</td></tr><tr><td>१</td><td>एन.आई.सी.एसिया बैंक,शाखा ग्राण्डी,टोखा रोड</td><td>८७५०/-</td><td></td></tr><tr><td>२</td><td>ज्ञान वहादुर कार्की</td><td>११५५०/-</td><td>भुल वश असुल भएकोले सबै फिर्ता गर्नु पर्ने</td></tr></table><br>५. वडा नं. २ स्थित चण्डेश्वरी मन्दिर प्राङ्णमा हुने श्री स्वास्थानी कथा वाचन,हवन लगायतका कार्यको लागि चण्डेश्वरी मन्दिर निर्माण तथा संरक्षण समितिसंग सम्झौता प्रकृया अगाडि बढाउने गरी १५ औं नगरसभाको सि.नं. २६२ ( संस्कृति संरक्षण) मा विनियोजित रकम मध्येबाट रु. ८० हजार विनियोजन गरी प्रकृया अगाडि बढाउने ।<br>६. एसोसियसन अफ प्रि-स्कूल एजुकेटर्स नेपाल(अपेन)ले नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना गरेको अपेन किड्स स्पार्कल डे कार्यक्रममा भएको खर्च मध्ये कार्यक्रम संचालन खर्च सहायता वापत १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु ५० हजार भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>७. टोखा नगरपालिका समेतको संयुक्त आयोजनामा यहि मिति २०८१/९/१९ र २० गते संचालन हुने बागमती प्रदेशस्तरीय खुल्ला लिगं तेक्वान्दो प्रतियोगिता, २०८१ संचालनको लागि एल.ई.डी.स्कृन बोर्ड तथा प्रत्यक्ष प्रशारणको लागि खर्च हुने गरी १५ औं नगरसभाको सि.नं. ६४६ मा ब्याडमिन्टन प्रशिक्षण मा विनियोजित रकम मध्येबाट खर्च गर्ने गरी प्रकृया अगाडि बढाउने ।<br>८. वडा नं. ३ स्थित ग्राण्डी भिल्ला छेउ विष्णुमति नदी किनारमा सडक आवतजावतको लागि सहज बनाउन सडक ग्राभेल,मर्मत लगायतका कार्य सम्पादन गर्न लागत अनुमान तयार गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ९. वडा नं. ३ स्थित चरचोक उदय टोलको सडकमा बत्ति जडान कार्यको लागि लागत अनुमान अनुसारको रकम रु. ४४१८५/६८ १५ औं नगरसभाको सि.नं. २६५ मा विनियोजित रकम मध्येबाट खर्च लेखे गरी प्रकृया अगाडि बढाउने ।<br>१०.वडा नं. ६ वस्ने वडा सदस्य श्री चन्द्र प्रकाश श्रेष्ठको बुबा विरामी भई नियमित उपचाररत रहेको साथै नियमित औषधि समेत गर्नु पर्ने भएकोले निज चन्द्र प्रकाश श्रेष्ठको बुवाको औषधि उपचारको लागि चन्द्र प्रकाश श्रेष्ठ खर्च वापत रु. १ लाख, १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>११.नेपाली होटल व्यावसायी संघको २५ औं बार्षिक उत्सव, मुखपत्र प्रकाशन लगायत विविध कार्यक्रम संचालन सहयोगको लागि नगरसभाको १५ औं अधिवेशनको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु. ८५ हजार विनियोजन गर्ने।<br>१२.वडा नं. ४ स्थित आँपगाछी टोल स्थित खानेपानी विद्युत मिटर जडान गर्न Transformer Test Report को प्रकृया अगाडि बढाउने साथै लागत अनुमान अनुसारको रकम विविध मर्मत भैपरी खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट खर्च लेखे गरी प्रकृया अगाडि बढाउने ।<br>१३. नेपाल ल क्याम्पस बी.ए.एल.एल.बी. मा अध्ययनरत टोखा नगरपालिका वडा नं. ८ निवासी स्मृति सापकोटा कलेजको आन्तरिक प्रतिष्पर्धामा छनौट भई Fourth NALSAR Mediation Tournament मा सहभागि हुन यहि जनवरी २४ देखि २६ सम्म भारतको हैदरावाद जाने भएकोले निज छात्रा स्मृति सापकोटालाई प्रोत्साहन स्वरुप यातायात एवं अन्य खर्च वापत रु. ३५ हजार १५ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>१४.गत आ.ब.मा स्वीकृत भएको वडा नं. ३ स्थित मनकामना मन्दिर अगाडि सडक स्तरोन्नती शिर्षकको आयोजना मिति २०८१-१-२५ मा महर्जन टोल विकास संस्था संग सम्झौता भएकोमा उक्त आयोजना हाल सम्म संचालन नगरेकोले उल्लेखित संस्थासंगको सम्झौता रद्ध गरी महर्जन टोल विकास संस्था लाई जानकारी दिई उक्त कार्य सार्वजनिक खरिद कानुन बमोजिम निर्माण कार्य अगाडि बढाउने ।<br>१५.वडा नं. ३ स्थित जालपादेवी क्रियापुत्री भवनमा जडान भएको इन्टरनेटको बार्षिक शुल्क रु. ११ हजार सम्वन्धित इन्टरनेट सेवा प्रदायकलाई नगरपालिकाबाट भुक्तानी उपलव्ध गराई नविकरण गर्ने ।<br>१६.सहयात्री महिला समूहको संयोजनमा संचालन हुने महिला समूहहरुलाई बैंकिङ्ग तथा आर्थिक कारोवार सम्वन्धी प्रशिक्षण कार्यमा उपस्थित हुने व्यक्तिहरुलाई |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | खाजा तथा एवं अन्य सहयोग नर्म्स बमोजिमको अधिकतम् रु ४० हजार १५ औं नगरसभाको खर्च शिर्षक नं. १९४ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>१७.राष्ट्रिय युवा परिषद सानो ठिमीद्वारा प्रशिक्षकको व्यवस्था हुने गरी उद्यम शिलता तथा वित्तीय साक्षरता तालिम संचालनको लागि नगरसभाबाट स्वीकृत नर्म्स अनुसार हुने गरी अधिकतम् रु १ लाख ३५ हजार १५ औं नगरसभाको खर्च शिर्षक नं. १९४ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>१८.टोखा नगरपालिका वडा नं. २ र ३ को पुरानो वस्तीमा भक्तपुरको नवदुर्गा देवगण नाच प्रस्तुती यहि मिति २०८१ पौष १२ देखि १४ सम्म ३ दिन सम्पन्न भएकोले सम्वन्धित दुबै वडाका वडाध्यक्षबाट प्रमाणित कार्यक्रममा सहभागिहरुको उपस्थिति पुस्तिका, खर्चका विल भर्पाई, खर्चको शिर्षकगत विवरण खुल्ने कार्यक्रम सम्पन्न प्रतिवेदन,वडा समितिको निर्णय, टोखा संरक्षित क्षेत्र विकास समितिको निर्णय, कार्यक्रमको फोटोहरु, वडा कार्यालयहरुको खर्च रकम खुलेको भुक्तानीका लागि सिफारिस पत्र समेतका कागजातहरुका आधारमा सम्वन्धित टोखा संरक्षित क्षेत्र विकास समितिलाई कार्यक्रममा भएको खर्च वापत रु. ६ लाख, १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>१९.नेपाल जितकुण्डो मार्शल आर्ट संघको आयोजनामा तथा टोखा नगरपालिकाको प्रायोजनमा संचालन हुने प्रथम साउथ एसियन SDT(Street Defnnce Tournament) प्रतियोगिता संचालनको लागि साविकमा विनियोजित रकमले नपुग हुने भएकोले उक्त प्रतियोगिता अन्तर्गत विभिन्न क्रियाकलाप संचालन गर्न १५ औं नगरसभाको सि.नं. २५९ मा विनियोजित रकम मध्येबाट रु. ५ लाख विनियोजन गर्ने ।<br>२०.नेवाःदेय् दबू केन्द्रीय समितिको आयोजनामा संचालन हुने १५ औं नेवाः एकता दिवस कार्यक्रमको लागि आवश्यक पर्ने खर्च रकम मध्ये रु १ लाख ५० हजार १५ औं नगरसभाको खर्च शिर्षक नं. २६२ मा विनियोजित रकम मध्येबाट सहयोग स्वरुप उपलव्ध गराउने गरी नेवाःदेय् दबू संग सम्झौता प्रकृया अगाडि बढाउने ।<br>२१.टोखा नगरपालिका वडा नं. ३ स्थित बानियाँटार हाईट केदार बानियाँको घर संगै रहेको खानेपानीको धाराको स्रोत निकासको लागि आवश्यक संरचना तयार एवं मर्मतको लागि १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. ९४५००/- विनियोजन गर्ने ।<br>२२. टोखा नगरपालिका वडा नं. ३ स्थित बानियाँटार पिच सडकबाट तल झर्दै पितृ आराधना केन्द्र हुदै ग्राण्डी भिल्ला नजिकैको पुल जोड्ने गोरेटो बाटो साविक देखि हिडडुल, वस्तुभाउ, बिष्णुमति खोलामा स्नान, शव घाटमा लैजाने |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | जस्ता कार्यमा प्रयोग भईरहेको चलनचल्तीको गोरेटो बाटो रहेको, उक्त चलन चल्तीको सार्वजनिक बाटोलाई विस्तार गरी स्थानीय बासीको सामुहिक हितको लागि सडक सञ्जालमा जोड्न विभिन्न समयमा नगरपालिकाबाट आयोजना स्वीकृत तथा बजेट विनियोजन भई कार्य हुदै आएको, यसै क्रममा नगरसभाको १५औं अधिवेशन बैठकको सि.नं. ५३२ मा वडा नं. ३ स्थित पिण्डेश्वर क्रियापुत्री भवन हुदै राजु वानियाँको घर तर्फ निस्कने सडक स्तरोन्नतीको आयोजना स्वीकृत भई रकम समेत विनियोजन भएकोले सो स्थानको बाँकी खण्डमा साविकको गोरेटो बाटो विस्तार तथा सडक निर्माण गर्ने कार्य को लागि सम्वन्धित वडा कार्यालयको सिफारिस बमोजिमको समिति/संस्थासंग सम्झौता प्रकृया अगाडि बढाउने।<br>२३.नगरसभाको १५ औं अधिवशेनको सि.नं. ९२४ मा ग्वंग:बुं नेवा:पुच भवन मर्मत संभार को आयोजना स्वीकृत भई रकम रु ५ लाख विनियोजन भएकोमा हाल लागत अनुमान तयार हुदाँ नगरपालिकाले व्यहोर्ने रकम रु. ३ लाख नपुग भएकोले सो नपुग रकम रु ३ लाख आगामी नगरसभाबाट स्रोत सुनिश्चित गर्ने गरी वडा कार्यालयबाट सिफारिस भएको समिति/संस्थासंग उल्लेखित कार्य अगाडि बढाउने गरी सम्झौता प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>२४.टोखा नगरपालिका वडा नं. २ स्थित सपनतिर्थ दापा खल: उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>२५.टोखा नगरपालिका वडा नं. ३ स्थित गलिंद्ध मेघासिटी खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>२६.टोखा नगरपालिका वडा नं. २ स्थित चण्डेश्वरी सामुदायिक भवन निर्माण उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>२७.वडा नं. ११ स्थित मनमैजु तर्फ जाने पुल देखि मनोहर तिर्थ स्थल हुदै फ्लोरोसेन्ट स्कूल अगाडि सम्मको सडक स्तरोन्नती तथा रेलिङ निर्माण कार्यको लागि नगरसभाको सि.नं. १०४४ र १०४५ मा रकम विनियोजन भएकोमा सो क्षेत्रमा हाल रहेको सडकको किनाराबाट १० फिट थप सडकक्षेत्र विस्तार गरी विस्तारित क्षेत्रमा फुटपाथ निर्माण कार्य अघि बढाउने । सो कार्य समेत समेटि लागत अनुमान तयार गर्दा नगरसभाबाट विनियोजित रकम नपुग हुने देखिएकोले नपुग रकम रु १२०१४९७/- आगामी नगरसभाबाट स्रोत सुनिश्चतता गर्ने गरी वडा कार्यालयबाट सिफारिस भएको स्थानीय उपभोक्ता समिति/संस्था मार्फत निर्माण प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २८.वडा नं. ३ स्थित धनेश्वर महादेव मन्दिरको अगाडीको स्थानमा प्रतिक्षालय निर्माणको थप कार्यको लागि आगामी नगरसभाबाट रु १० लाखको स्रोत सुनिश्चित हुने गरी निर्माण प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । <br> २९.वडा नं. ८ स्थित सिद्धि विनायक गणेश मन्दिर परिसरमा एउटै शिलाबाट कुँदिएको शेष नागको मुर्ति स्थापना स्थल /संरचना निर्माणको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट रु .८ लाख ५० हजारको स्रोत सुनिश्चित हुने गरी निर्माण प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । <br> ३०.वडा नं. ११ को माग बमोजिम मुख्य सडकहरुमा सडकवत्ती थान १५ को लागि माग गरेकोले उक्तकार्य स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६६ मा विनियोजित रकम मध्येबाट १५ थान सडकबत्तीको प्राविधिक लागत अनुमान अनुसारको रकम विनियोजन गरि खरिद/जडान प्रकृया अगाडि बढाउने। <br> ३१.वडा नं. ८ स्थित गैह्रीगाउँ पुल देखि रमणवस्ती पुल सम्मको सडकमा ग्राभेल राखे आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. २ लाख ८५ हजार विनियोजन गरी उक्त कार्य अगाडि बढाउने । <br> ३२.टोखा नगरपालिका वडा नं. १, साविक झोरमहाँकाल गा.वि.स वडा नं. ५क स्थित जग्गाधनी श्री ५ को बायुदेवता गुठी तथा मोहि केदार प्रसाद विडारी रहेको कि.नं. २१७ को जग्गामा अविरल बर्षाको कारण पहिरो गई सोहि कित्तामा रहेको मोहीको घर पहिरोको उच्च जोखिममा परेकोले उक्त घर जोगाउन तत्काल उक्त कित्ता जग्गामा टेवा पर्खाल लगायतका संरचना निर्माण गर्नु पर्ने देखिएको, निजको आर्थिक हैसियत कमजोर रहेकोले नागरिकको आधारभूत हक आवासको हकको प्रत्याभूति गराउनु राज्यको दायित्व भएको बिषय समेतलाई मध्यनजर गरी सम्वन्धित घरधनीसंगको लागत साझेदारी (६०-४०) मा उक्त कि.नं. २१७ को जग्गामा पहिरो नियन्त्रणको लागि पर्खाल लगाउने कार्यको आयोजना स्वीकृत गरी लागत अनुमान अनुसारको रकममा नगरपालिकाले व्यहोर्नु पर्ने ६० प्रतिशत रकम १५ औं नगरसभाको सि.नं. १०७२ स्थानीय उपभोक्ता लागत सहभागिता कार्यक्रममा विनियोजित रकम मध्येबाट व्यहोर्ने गरी वडा कार्यालयबाट सिफारिस हुने संस्था/समितिसंग निर्माण कार्यको प्रकृया अगाडि बढाउने । <br> ३३.टोखा नगरपालिका वडा नं. २ को माग बमोजिम २ नं. वडा कार्यालयले साविकमा कार्यालय प्रयोजनको लागि प्रयोग गरेको टहरा लगायतका अन्य जिर्ण संरचनाहरु भत्काई अन्य निर्माण गर्ने कार्यको लागि उल्लेखित स्थान खाली गराउने कार्य संचालन भई रहेकोमा सो जिर्ण संरचनाहरु भत्काउदाँ आउने |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | पुराना ईट्टाहरु ७ ट्रिप सानो ट्याक्टरबाट प्रति टिप २ हजारका दरले १४ हजार ईट्टाहरु निर्माणाधिन चण्डेश्वरी माध्यामिक विद्यालयमा लानको लागि अनुमति माग भएकोमा चण्डेश्वरी मा.वि.मा नगरपालिकाबाट सम्झौता भई कार्यान्वयनमा रहेको निर्माण कार्यको मूल्याङ्कनमा समावेश नहुने गरी सम्वन्धित आयोजना हेर्ने प्राविधिक एवं वडाअध्यक्षबाट प्रमाणित गरी पेश हुने गरी उक्त पुराना ईट्टाहरु थान १४ हजार विद्यालयमा लैजान अनुमति प्रदान गर्ने । <br>३४.यस नगरपालिका वडा नं. ७ मा अवस्थित श्री तिलिङ्गाटार मा.वि.मा करार सेवामा कार्यरत मा.वि.शिक्षक श्री पशुपति श्रेष्ठ क्यालिफोर्नियाको स्टेट युनिभर्सिटि, सिकोमा यहि २२ जनवरी २०२५ देखि १० मार्च २०२५ सम्म संचालन हुने ६ हप्ते Fulbright Teaching Excellence And Achievement (TEA) कार्यक्रममा छनौट भएकोले सो तालिममा सहभागिताको लागि मिति २०८१ माघ ८ देखि २०८१ फागुन २८ गतेसम्म तालिममा सहभागि गराउन सम्वन्धित विद्यालयबाट अनुमति माग भएकोले उल्लेखित तालिममा सहभागि हुन जान मिति २०८१/१०/८ देखि लागू हुने गरी मिति २०८१/११/२८ सम्म (फर्की हाजिर नहुदाँ सम्म)को तलवभत्ता लगायतका सेवा सुविधा नपाउने गरी तालिममा सहभागि हुन अनुमति प्रदान गर्ने । <br>३५.बिशेष अदालत काठमाडौंको लागि कार्यालय संचालनको लागि फर्निचर तथा मेसिनरी औजार खरिदको लागि १५ औं नगरसभाको उल्लेखित खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु ७ लाख टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी अनुदान उपलव्ध गराउने । <br>३६. नगरसभाको १५ औं अधिवेशनबाट सवारी साधन शिर्षकमा विनियोजित रकम मध्येबाट तपशिल बमोजिमका सवारी साधनहरु कार्यालय प्रयोजनको लागि खरिद गर्ने प्रकृया अगाडि बढाउने । <br>क. जेसिवी- थान एक <br>ख. दमकल- थान एक <br>३७. मिति २०८१ भाद्र १८ को कार्यपालिका बैठकको निर्णयानुसार टोखा नगरपालिका वडा नं. ७ स्थित धापासी स्वस्थ्य चौकीमा संचालित विशेषज्ञ सेवा अन्तर्गत सेवाग्राहीहरुको रेकर्ड रिपोर्ट कार्यको लागि चालु आ.ब.को शुरुवापत देखि दैनिक ज्यालादारीमा काममा लगाईएको कम्प्युटर सहायक पुष्पान्जली रानामगरलाई २०८१ श्रावण देखि निजलाई काममा लगाएको अवधि सम्म सहायक चौथो तहको पारिश्रमिक उपलव्ध गराउने । <br>३८.टोखा नगरपालिका वडा नं. १० स्थित मनोहर मा.वि.को हाल संचालनमा रहेको विद्यालय भवन जिर्ण भई सो स्थानमा नयाँ भवन निर्माण गर्नु पर्ने |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | भएकोले सोको लागि विस्तृत परियोजन प्रतिवेदन तयार गर्ने । साथै वडा नं.४ को वडा कार्यालय भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने । साथै वडा नं. ७ स्थित धापासी स्वास्थ्य चौकीको भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने । सो कार्य परामर्श सेवा मार्फत अगाडि बढाउने ।सोको लागि लाग्ने रकम १५ औं नगरसभाको सि.नं. २७४ को विभिन्न आयोजनाहरुको लागि विस्तृत परियोजन प्रस्ताव निर्माण शिर्षकमा विनियोजित रकम मध्येबाट व्यहोर्ने ।<br>३९.आ.ब. २०७८/७९ मा शिवपुरी खानेपानी आयोजना निर्माण कार्यको लागि ठेक्का नं. ४३/NCB/TM/W/२०७८-७९ मार्फत कार्यसंचालन प्रकृया अगाडि बढाई साविकमा भएको खानेपानी ट्याङ्की मर्मत तथा निर्माण कार्यको लागि Drabya Engineering Solution Pvt.Ltd लाई कायदिश दिईएकोमा उक्त मर्मत तथा निर्माण कार्यका सम्वन्धमा शिवपुरी-नागार्जुन राष्ट्रिय निकुन्जले अनुमति भन्दा वढी कार्य गरेको भनी नगर प्रमुख, वडा नं. २ का वडाध्यक्ष, निर्माण व्यावसायी, शिवपुरी खानेपानी समितिका अध्यक्ष लगायतका व्यक्तिहरुलाई मुद्दा चलाएकोमा नगरपालिकाका जनप्रतिनिधिहरुले मुद्धाको प्रतिरक्षा गर्ने क्रममा जम्मा गरेको धरौटी वापतको रकम मुद्धाको अन्तिम किनारा लागे पश्चात हिसाव मिलान हुने गरी सम्वन्धित जनप्रतिनिधिलाई सोधभर्ना भुक्तानी उपलब्ध गराउने ।<br>४०.तमु होटल व्यवसायी समाजले तमुहरुको ल्होसार नाग बर्ष २०८१ को पुजाको लागि कार्यक्रमको विस्तृत विवरण, फोटो, विल भर्पाई,उपस्थित,प्रतिवेदन लगायतका कागजाको आधारमा रु. ३० हजार सहयोग स्वरुप १५ औं नगरसभाको खर्च शिर्षक नं. २६२ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>४१.टोखा नगरपालिकाको नाममा रहेको बा.२ झ. १६५१ नम्बरको स्कारपियो गाडी मर्मत स्वीकृत गरी Junet Auto Care को विल अनुसारको रकम रु.७२०००/- सम्वन्धित वर्कसपको नाममा भुक्तानी उपलब्ध गराउने ।<br>४२.मोतिदेवी स्मृति केन्द्रले अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विभिन्न विधाका प्रतिभावान व्यक्तित्वहरुलाई सम्मान गरेकोले उक्त सामाजिक कार्यमा भएको खर्च मध्ये सम्वन्धित संस्थाले पेश गर्ने कार्यक्रम सम्पन्न प्रतिवेदन,उपस्थिति पुस्तिका, कार्यक्रमको फोटो, बिल भर्पाई लगायतका कागजातको आधारमा रु. ७५ हजार सहयोग स्वरुप १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी उपलब्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>४३.नेशनल ट्रेनिङ्ग सेन्टर प्रा.लि.द्वारा युवाहरुलाई सेयर बजार तालिम कार्यक्रम संचालनको लागि १५ औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | मध्येबाट रु. ५० हजार विनियोजन गर्ने ।<br>४४.नगरपालिका भित्रको अव्यवस्थित फोहोर मैला फाल्ने कार्यलाई निरुत्साहित गर्ने कार्यविधि निर्माण गर्न नगरपालिकालाई सैद्धान्तिक सहमति प्रदान गर्ने।<br>४५.वडा नं. ७ स्थित आदर्श सामुदायिक पुस्तकालय नगरपालिकामा दर्ता गरी प्रमाणपत्र उपलव्ध गराउन शिक्षा युवा तथा खेलकूद शाखालाई निर्देशन दिने।<br>४६.टोखा नगरपालिका वडा नं. २/३ मा नेपा युवा क्लवको संयोजनमा मिति २०८१-१०-१ गते दिन विविध सांस्कृति कार्यक्रमहरु सहित चाकु दिवस मनाउने कार्यको लागि १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु ९० हजार विनियोजन गर्ने । |